# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## यस वर्ष नगरपालिकाको कर कसरी तिर्ने होला?

## 市の税金、今年はどうやって納付しようかな？

नगरपालिकाको कर तिर्ने विभिन्न तरिकाहरू छन्, जस्तै बैंकमा गएर भुक्तानी गर्ने, कन्भिनीन्स स्टोरमा भुक्तानी, बैंक वा वित्तीय संस्थाको काउन्टरमा तिर्ने, साथै क्यासलेस भुक्तानी एप वा क्रेडिट कार्ड प्रयोग गर्न मिल्ने eL-QR कोड भुक्तानी आदि।




A) वित्तीय संस्थामा भुक्तानी गर्ने: सिटीको कर भुक्तानी पत्र (納付書) लिएर बैंकमा गएर भुक्तानी गर्ने।
बैंक खाताबाट स्वतः भुक्तानी (口座振替) सिफारिस गरिन्छ।
भुक्तानीको अन्तिम मितिमा रकम स्वतः तपाईंको बैंक खाताबाट काटिन्छ।
यसका लागि वेबसाइट (WEB) वा तोकिएको फाराममार्फत आवेदन गर्नुपर्छ।
फाराम सिटीभित्रका सम्बन्धित बैंक वा हुलाक कार्यालयमा उपलब्ध छन्।
थप जानकारीका लागि यहाँ हेर्नुहोस्।
https://www.city.suita.osaka.jp/kurashi/1018404/1018414/1039860/index.html

B) eL-QR कोड भुक्तानी सिफारिस गरिन्छ।
क्यासलेस भुक्तानी एप प्रयोग गरेर कर बिलको QR कोड स्क्यान गरी भुक्तानी गर्न सकिन्छ।
साथै, स्थानीय कर भुक्तानी वेबसाइटबाट QR कोड पढेर क्रेडिट कार्डमार्फत पनि भुक्तानी गर्न सकिन्छ।
थप जानकारीका लागि सिटीको वेबसाइट हेर्नुहोस्।
https://www.payment.eltax.lta.go.jp/

C) कन्भिनीन्स स्टोरमा भुक्तानी सिफारिस गरिन्छ।
सम्बन्धित कन्भिनीन्स स्टोरमा, खुल्ने समयभित्र जुनसुकै बेला पनि भुक्तानी गर्न सकिन्छ।
बारकोड भएको कर बिल (納付書) साथमा लैजानुहोस्।
एकवटा (1) बिलका लागि अधिकतम भुक्तानी रकम (30 मान) 3 लाख येनसम्म हो।
थप जानकारीका लागि यहाँ हेर्नुहोस्।
https://www.city.suita.osaka.jp/kurashi/1018404/1018414/1040540/1040543.html

D) वित्तीय संस्थाको काउन्टरमा भुक्तानी (金融機関窓口) सिफारिस गरिन्छ।
सहरले तोकेको बैंक वा वित्तीय संस्थामा कर बिल (納付書) लिएर गएर भुक्तानी गर्न सकिन्छ।

कन्भिनीन्स स्टोरमा तिर्न नमिल्ने रकम एकवटा (1) बिलमा ३ लाख येनभन्दा बढी पनि यहाँ भुक्तानी गर्न सकिन्छ।
थप जानकारीका लागि यहाँ हेर्नुहोस्।
https://www.city.suita.osaka.jp/kurashi/1018404/1018414/1040622/1040623.html

माथि उल्लेख गरिएका बाहेक, नगर कार्यालयभित्र रहेको तोकिएको बैंक/वित्तीय संस्था वा सेल्फ कर-भुक्तानी मेसिनबाट पनि भुक्तानी गर्न सकिन्छ।

■ सोधपुछ


कर विभाग
फोन:050-1720-4604


यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।